ख्याङलेख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हापुटार, सिन्धुली
बागमती प्रदेश, नेपाल
२०७३

Date ________
Page ________

बैठक संख्या:

आज मिति २०७८ साल चैत्र २१ गते सोमबारका दिन ख्याङलेख गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री जगत बहादुर भोलनज्यूको अध्यक्षतामा बसी निम्नानुसारका निर्णय गरियो ।

उपस्थिति

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | जगत बहादुर भोलन | अध्यक्ष | |
| २ | श्री दुर्गादेवी सुनुवार | उपाध्यक्ष | |
| ३ | श्री रामकाजी वाइबा | सदस्य | |
| ४ | श्री एक बहादुर खड्का | सदस्य | |
| ५ | श्री कृष्ण बहादुर थिङ | सदस्य | |
| ६ | श्री चक्रबहादुर पाखिन | सदस्य | |
| ७ | श्री विष्णु कुमार कर्माचार्य | सदस्य | |
| ८ | श्री जेसुन्दरी माया वाइबा | सदस्य | |
| ९ | श्री यम कुमारी दमाई | सदस्य | यम |
| १० | श्री जानुका थापा मगर | सदस्य | |
| ११ | श्री हिमाली माया वि.क | सदस्य | |
| १२ | श्री गंगा माया वि.क. | सदस्य | |
| १३ | श्री सुन माया थिङ | सदस्य | |
| १४ | श्री राजेन्द्र कार्की | प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव) | |

अन्य उपस्थिति :

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुरेश कुमार अधिकारी | लेखा अधिकृत, सातौं | |
| २ | श्री लक्ष्मण दत्त पन्त | प्रशासन सहायक पाचौं | |

घ्याङलेख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हायुटार, सिन्धुली
बागमती प्रदेश, नेपाल
२०७३

# घ्याङलेख गाउँपालिका
## गाउँ कार्यपालिकाको बैठक
## मिति २०७८ चैत्र २१ गते सोमबार
## बैठकका प्रस्ताव तथा निर्णयहरु

**बैठकका प्रस्तावहरु :**

१. अघिल्ला कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।

२. चालु आर्थिक वर्षमा संचालित योजना/कार्यक्रमहरुको समिक्षा सम्बन्धमा।

३. विविध सम्बन्धमा।

**निर्णयहरुः**

**निर्णय नं. १ :-** प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अघि भए गरेका निर्णयहरुको समिक्षा गर्नुका साथै कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई यथासिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. २ :-** प्रस्ताव नं. २ माथि छलफल गर्दा चालु आ.व.मा संचालन भएका योजना/कार्यक्रमहरुको समिक्षा गर्दै काम सम्पन्न भई भुक्तानी हुन बाँकी योजनाहरुको यथासिघ्र प्राविधिक विल तयार गरि भुक्तानी प्रकृयामा अगाडी बढाउन उपभोक्ता समितिलाई सूचना गर्ने निर्णय गरियो।

**निर्णय नं. ३ :-** विविध सम्बन्धमा छलफल गर्दा

क. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ९७३, मिति, २०७८।१२।०४ गतेको पत्र साथ प्राप्त भएको निर्वाचन आयोगको च.नं. ०७८।७९।४११ मिति २०७८।१२।०२ गतेको पत्रानुसार स्थानीय तह निर्वाचनमा मतगणना कार्य प्रत्यक्ष अवलोकन गर्न गराउन सक्ने सफ्टवयर तथा CCTV जडान कार्यको लागि तत् स्थानीय तहले व्यवस्थापन गर्ने गरी प्रतिबद्धता माग भएकोमा बजार माग अनुसार तयार भएको लागत अनुमान करिब रु. २ लाख ६० हजार लाग्ने देखिएकोले सो कार्यका लागि लाग्ने खर्च व्यवस्थापन गर्ने प्रतिबद्धता निर्वाचन आयोगलाई पठाउने निर्णय गरियो।

ख. वडा नं. १ र २ मा स्वास्थ्य चौकि निर्माणको लागि व्यवस्थापन गरिदिन स्वास्थ्य सेवा विभाग, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई विस्तृत विवरण सहित अनुरोध गरी पठाउने निर्णय गरियो।

ग. गाउँपालिकाका विभिन्न वडाहरुमा तपसिलका झोलुङ्गे पुल निर्माणको लागि स्थानीय पूर्वाधार विभाग श्रीमहल ललितपुर लाई बजेट मागको लागि सिफारिस गर्ने निर्णय गरियो :

**तपसिल :**

(१) वडा नं. २ र ३ को सिमाना कोल्टारमा पर्ने मरिण खोलामा पुल,

(२) ठाडो खोला खोलागाउँ झोलुङ्गे पुल वडा नं. २,

(३) पिपल भन्ज्याङ्ग गुराँसे मरिण खोला झोलुङ्गे पुल वडा नं. २,

(३) मरिण खोला फुलबारी झोलुङ्गे पुल वडा नं. २,

(४) रामपुर सिम्लेखोला झोलुङ्गे पुल वडा नं. ५,

(५) पाखुरे खोला झोलुङ्गे पुल वडा नं. ५,

(६) बन्दिपुर खोला झोलुङ्गेपुल वडा नं.४,

(७) सिम्ले फेदी झोलुङ्गे पुल वडा नं. ४

(८) गर्के गोपेफेदी झोलुङ्गे पुल वडा नं. ४ र ५

घ. चालु आ.व.को बजेट कार्यक्रममा वडा नं. ५ रामपुरमा रहेको शान्तेश्वरी श्वास्थ्य चौकिको लागि राजश्व छुटमा एम्बुलेन्स खरिद गर्न बजेट विनियोजन गरिएकोमा उक्त रकम अपुग भएकोको अपुग रकम रु.९०००००।०० (नौ लाख) आगामी गाउँसभाबाट अनुमोदन हुने गरी कृषि अन्तर्गतको उपाध्यक्षसँग कृषि कार्यक्रम (प्रति वडा ५०००००।०० का दरले ७५ प्रतिशत अनुदानमा एक घर एक टनेला) बजेट शिर्षकबाट रकमान्तर गर्ने निर्णय गरियो ।

ङ. आगामि आ.व.को लागि नीति तथा कार्यक्रम तयार गर्न उपाध्यक्षज्यूको संयोजकत्वमा पाँचवटै वडाको वडाअध्यक्षहरु बसी सात दिन भित्र गाउँपालिका अध्यक्ष समक्ष पेश गर्ने निर्णय गरियो । साथै नीति तथा कार्यक्रम निर्माण गर्न शिक्षा अधिकृत सुरेन्द्र कुमार स्याङतानलाई सहयोगी कर्मचारी तोकियो ।

च. घरेलु तथा साना उद्योग विकास समिति सिन्धुलीबाट यस गाउँपालिकाका लघु उद्यमीहरुको लागि साझा सुविधा केन्द्र निर्माणको लागि लागत स्टीमेट रु.१२ लाख मध्ये रु. १० लाख घरेलु विकास समितिबाट उपलब्ध हुने र बाकीँ २ लाख गाउँपालिकाबाट व्यहोर्नु पर्नेमा उक्त रकम कृषि अन्तर्गतको उपाध्यक्षसँग कृषि कार्यक्रम (प्रति वडा ५०००००।०० का दरले ७५ प्रतिशत अनुदानमा एक घर एक टनेला) बाट खर्च ब्यहोर्ने निर्णय गरियो ।

छ. हिर्डिङ हायुटार वडा नं. २, ठाडे खोला वडा नं. २, हाडि खोला वडा नं. २, मरिण खोला वडा नं. २ र ३, तामाजोर खोला वडा नं. ३, रामपुर खोला वडा नं. ५ रामपुर बजार सिम्लेखोला पक्की पुल र वडा नं. ५ को वडा कार्यालय जाने रातु डाँडामा पक्की पुल निर्माणको लीग सम्भाव्यता अध्ययन गर्ने कार्य अघि बढाउने निर्णय गरियो ।

ज. मिति २०७८।१२।१६ गतेबाट चालु आ.व. का योजना सम्झौता बन्द गरिएकोमा विशेष अवस्थालाई मध्यनजर गर्दै राङ्चा कोलबोटे दक्षिणकाली सडक स्तरोन्नती वडा नं. ५ र नेपाल दुरसंचारको टावरको भवन निर्माण चौकिडांडा वडा नं. ४ का लागि मात्र योजना सम्झौता फुकुवा गर्ने निर्णय गरियो ।

राजेन्द्र कार्की
प्रमुख प्रशासकीय अधिकृत

जगत बहादुर भोलन
अध्यक्ष

Date ______
Page ______

ग्याङलेख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हायुटार, सिन्धुली
बागमति प्रदेश, नेपाल
२०७३

झ. सडक बोर्ड नेपालबाट प्राप्त रु. १२ लाख रकममा गा.पा बाट थप गर्नुपर्ने रु. ३ लाख गरी जम्मा रु.१५ लाख बराबरको रकम हायुटार चोक देखि नेपाल एस.वि.आई बैंक जाने सडकमा स्ल्याब ढलान कार्यको लागि खर्च गर्ने निर्णय गरियो ।

राजेन्द्र कार्की
प्रमुख प्रशासकीय अधिकृत